प्रतिदिन
१६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY




वर्ष-१६ ।। अङ्क : १२० ॥ २०८१ जेठ २८ गते सोमबार (10th Jun 2024 Monday) Pratidin National Daily मूल्य-रु.५/-

## भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले लिए शपथ



एजेन्सी । भारतको प्रधानमन्त्रीमा नियुक्त नरेन्द्र मोदीले आइतबार तेस्रो कार्यकालका लागि शपथ लिएका छन् । राष्ट्रपति भवनमा आयोजित समारोहमा राष्ट्रपति द्रौपदी मुर्मुले उनलाई शपथ गराएकी हुन् ।

लोकसभा निर्वाचनमा भाजपाले एकल बहुमत नल्याएपछि मोदी नेसनल डेमोक्रेटिक अलायन्सको तर्फबाट प्रधानमन्त्री बनेका हुन् । गत मंगलबार चुनावी परिणाम घोषणा भएको थियो । उनलाई गत शुक्रबार राष्ट्रपतिले प्रधानमन्त्री पदमा नियुक्त गरेकी थिइन् । मोदीको शपथ ग्रहण समारोहमा नेपालका प्रधानमन्त्री पुष्पकमल दाहालसहित दक्षिण एसिया विभिन्न मुलुकका राष्ट्रप्रमुख र प्रधानमन्त्रीहरू पुगेका छन् । मौरिससका राष्ट्रपति पनि शपथ समारोहमा उपस्थित छन् । सन् २०१४ र २०१९ को चुनावमा भारतीय जनता पार्टीले एकल बहुमत हासिल गरेपछि मोदी यसअघि दुई कार्यकाल प्रधानमन्त्री भइसकेका छन् । यसपटक भाजपाले एकल बहुमत नल्याएपनि भाजपासहितका नेशनल डेमोक्रेटिक अलायन्सको बहुमतका आधारमा मोदीका लागि तेस्रोपटक प्रधानमन्त्री बन्ने ढोका खुलेको हो ।

मोदीले आफ्नो मन्त्रिपरिषद्का महत्वपूर्ण मन्त्रालयहरूमा पुरानै मन्त्रीहरूलाई दोहोर्याएका छन् । राजनाथ सिंह, अमित शाह, नीतिन गडकारी, जेपी नड्डा, शिवराजसिंह चौहान, निर्मला सितारमण, एस. जयशंकर, पीयूष गोयल लगायत मन्त्री बनेका छन् । मोदीले गठबन्धनका मुख्य घटक नीतिश कुमार नेतृत्वको जनता दल युनाइटेड र चन्द्रबाबु नायडू नेतृत्वको तेलगु देशम पार्टीबाट पनि मन्त्री बनाएका छन् ।

## प्रधानमन्त्री दाहाल नयाँदिल्लीमा



झापा(प्रस) । प्रधानमन्त्री पुष्पकमल दाहाल भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको शपथग्रहण समारोहमा सहभागी हुन आइतवार अपराह्न भारतको राजधानी नयाँदिल्ली पुगेका छन् ।
प्रधानमन्त्री दाहाललाई नयाँदिल्लीस्थित इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा भारतीय सरकारका विशेष प्रतिनिधिले स्वागत गरेको त्यहाँस्थित विदेश मन्त्रालयले जनाएको छ । तेस्रो कार्यकालका लागि भारतीय जनता पार्टीका नेता मोदीले आइतवार साँझ भारतका प्रधानमन्त्री पदको शपथ लिएका छन् । सो शपथ समारोहपछि प्रधानमन्त्री दाहाल र उनका समकक्षी मोदीबिच आइतवार नै साँझ भेटवार्ता हुने कार्यक्रम रहेको नयाँदिल्लीस्थित नेपाली राजदूतावासले जनाएको छ । प्रधानमन्त्री दाहालका साथमा उहाँकी स्वकीय सचिव गङ्गा दाहाल, कानुन, न्याय तथा संसदीय मामिला मन्त्री पदम गिरी, परराष्ट्र सचिव सेवा लम्साललगायत उच्चपदस्थ सरकारी अधिकारी पनि छन् । प्रधानमन्त्री दाहाल सोमबार स्वदेश फर्कने कार्यक्रम छ ।

## कोशी सरकारबारेको रिट हेर्न नमिल्नेमा



झापा(प्रस) । कोशी प्रदेश सरकार गठनविरुद्ध निवर्तमान मुख्यमन्त्री केदार कार्कीले दायर गरेको रिटको आइतवारबाट सर्वोच्च अदालतको पूर्ण इजलासमा सुनुवाइ तोकिएकोमा हेर्न नमिल्नेमा परेको छ ।
सर्वोच्च अदालतका न्यायाधीशहरु प्रकाशकुमार ढुंगाना, अब्दुल अजीज मुसलमान र सुनिलकुमार पोखरेलको इजलासमा रिटको सुनुवाइ हुने तोकिएकोमा न्यायाधीश पोखरेलको कारण रिट हेर्न नमिल्नेमा परेको हो । न्यायाधीश पोखरेलले यसअघि कोशी सरकारका तत्कालीन मुख्यमन्त्री उद्धब थापाको नियुक्तिविरुद्ध हालका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले दायर गरेको रिटमा कानुन व्यवसायीको हैसियतमा थापाको तर्फबाट सर्वोच्चमा बहस गरेका थिए । नेपाली काँग्रेसनिकट कानुन व्यवसायी रहेका पोखरेलले थापाको पक्षबाट बहस गरेपनि अदालतबाट कार्कीको पक्षमा रिट जारी भएको थियो ।
यसबीचमा पोखरेल सर्वोच्चको न्यायाधीश नियुक्त भए । दलहरुबीच भागबण्डाको आधारमा सर्वोच्चको न्यायाधीश नियुक्त हुँदा पोखरेल पनि परेका थिए । पोखरेल २०८० पुस ४ गते सर्वोच्चको न्यायाधीशमा नियुक्त भएका थिए । कानुन व्यवसायी हुँदा हिक्मतकुमार कार्कीको विरुद्ध बहस गरेको कारण न्यायाधीशको रुपमा उनले त्यही मुद्दा हेर्न नमिल्ने भएको सर्वोच्च अदालत स्रोतले जनाएको छ ।
तीन न्यायाधीशमध्ये पोखरेलले

❖ बाँकी अन्तिम पृष्ठमा

## 'ब्याकबेन्चर'हरुले राजनीति गर्न जानेनन् : मुख्यमन्त्री कार्की



झापा(प्रस) । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले कहिलेकाहीं झुक्किएर राजनीतिक नेतृत्वमा पुगेका 'ब्याकबेन्चर'हरुले नेतृत्व चलाउन नसकेको र नजान्ने बताएका छन् । कोशीका निवर्तमान मुख्यमन्त्री केदार कार्कीप्रति लक्षित गर्दै उनले आइतबार इटहरीको एक कार्यक्रममा भने, 'त्यही कारण राजनीतिज्ञहरुका लागि अध्ययन अत्यावश्यक छ ।'
इटहरी जेसीजले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले सफल नेता बन्न सबभन्दा पहिले आफूले आफूलाई चिन्न जरुरी रहेको बताए । 'आफूलाई बुझ्दै समाज र राष्ट्रप्रतिको दायित्व बुझ्ने सफल नेता बन्न सकिन्छ, सफल नेतृत्व उत्पादन हुन्छ', मुख्यमन्त्री कार्कीले भने ।
नेताबारे आम जनतामा एउटा नकारात्मक भाष्य निर्माण भएको भन्दै मुख्यमन्त्रीले नेताहरु भ्रष्ट

❖ बाँकी अन्तिम पृष्ठमा

## रकम अपचलनको आरोपमा तीन सहकारीकर्मी पक्राउ



झापा(प्रस) । काठमाडौंको स्क्वायर बचत तथा ऋण सहकारी संस्थाको सात करोड चालीस लाख रुपैयाँभन्दा बढी रकम अपचलन गरेको आरोपमा सीआइबीले तीन जनालाई पक्राउ गरेको छ ।

काठमाडौं महानगरपालिकाको सहकारी विभागको अनुसन्धान र सिफारिसपछि सीआइबीले थप अनुसन्धानबाट सहकारीको ७ करोड ४० लाख ८७ हजार ८६० रुपैयाँ बचत रकम अपचलन गरेको निष्कर्ष निकाल्दै अध्यक्ष काठमाडौं महानगरपालिका-१४, कुलेश्वरका ६६ वर्षीय बासुदेवमान जोशी, सचिव काठमाडौं महानगरपालिका-२५, केलकोलका ६७ वर्षीय सुवर्ण सेलालिक र सदस्य काठमाडौं महानगरपालिका-२६ नरदेवीका ५८ वर्षीय धर्मरत्न पाछैंलाई पक्राउ गरेको हो ।
अध्यक्ष जोशीसहित तीनै जनालाई शुक्रबार नियन्त्रणमा लिइएको र आइतबार काठमाडौं जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी अनुसन्धान कार्य अगाडि बढाइएको सीआइबीका प्रवक्ता एसपी होबिन्द्र बोगटीले जानकारी दिए ।

उनका अनुसार सहकारीका संचालकहरुले निक्षेपकर्ताहरुलाई आर्कषक ब्याजदर दिन्छु भनेर प्रलोभन देखाई निक्षेपकर्ताको रकम सहकारी मुद्दति,
निक्षेप, आवधिक बचत, शेयर तथा विभिन्न बचत खातामा जम्मा गर्न लगाएको, तर पछि बचतकर्ताहरुले जम्मा गरेको रकमको साँवा र ब्याज फिर्ता नगरेको पाइएको छ ।

## माकुराका जेष्ठ नागरिक सदस्य सम्मानित



मेचीनगर(प्रस) । जल, जमिन र जंगलमा उत्पन्न विवादलाई निरुपण गर्दै आएको प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र झापाले आइतबार ११ औं स्थापना दिवसको अवसरमा जेष्ठ नागरिक माकुरा समूहका सदस्यलाई सम्मान गरेको छ ।
झापाको धुलाबारीमा आयोजित कार्यक्रममा मेचीनगर, कनकाई, बुद्धशान्ति, अर्जुनधारा र झापा गाउँपालिकाका माकुरा समूहका जेष्ठ नागरिकलाई सम्मान गरिएको हो । द्वन्द्व रुपान्तरण गर्न योगदान पुर्याएबापत १८ जनालाई सम्मान गरिएको हो । झापामा २ सय बढी माकुरा सदस्य छन् ।
प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्रकी राष्ट्रिय स्रोत व्यक्ति संगीता थापाको अध्यक्षता तथा मेचीनगर नगर प्रमुख गोपालचन्द्र बुढाथोकीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा नगर प्रमुख बुढाथोकीले न्याय निरुपणको क्षेत्रमा संस्थाको भूमिका अतुलनीय रहेको बताए । उनले सही दृष्टिकोण राखेर विवाद निरुपण गर्नुपर्नेमा जोड दिए ।
कार्यक्रममा झापा जिल्ला अदालतका प्रमुख न्यायाधीश अशोककुमार बस्नेतले मेलमिलाप गर्ने काम पवित्र भएको बताए । उनले स्थानीय पालिकामै विवाद निरुपण हुँदा अदालतसम्म कम मुद्धा आउनु राम्रो पक्ष भएको बताए ।
कार्यक्रममा जेष्ठ नागरिक माकुरा समूहका सदस्य कनकाईका ओम पाठक, अर्जुनधाराका जगतबहादुर राना, बुद्धशान्तिका माधवप्रसाद खतिवडाले कार्य अनुभव सुनाएका थिए ।
कार्यक्रममा मेचीनगर नगर प्रमुख गोपालचन्द्र बुढाथोकी, झापा जिल्ला अदालतका प्रमुख न्यायाधीश अशोककुमार बस्नेत, अर्जुनधारा नगरपालिकाका उपप्रमुख खड्गमाया पराजुली, बुद्धशान्ति गाउँपालिका उपाध्यक्ष भवानी खतिवडा, सामुदायिक वन उपभोक्ता महासंघ झापाका अध्यक्ष वेदप्रकाश भण्डारी, दमक नगरपालिकाका न्यायिक समिति सदस्य कमल श्रेष्ठलगायतले शुभकामना मन्तव्य राखेका थिए ।
सोही अवसरमा झापा जिल्ला अदालतका प्रमुख न्यायाधीशलाई मायाको चिनो तथा अर्जुनधारा र मेचीनगरलाई प्रशंसापत्रले सम्मान गरिएको थियो । सहजकर्ता मानबहादुर कार्कीले स्वागत गरेको कार्यक्रमको सञ्चालन सहजकर्ता हिमादेवी मगरले गरेकी थिइन् ।

## मेचीनगरमा झोला बनाउने तालिम

मेचीनगर(प्रस) । मेचीनगरमा महिलाहरूलाई आत्मनिर्भर बनाउने उद्देश्यले बिट लगाउने, ब्याग तथा झोला बनाउने तालिम सञ्चालन भएको छ । मेचीनगर नगरपालिकाको कार्यालय र घरेलु तथा साना उद्योग कार्यालय भद्रपुरको सहकार्यमा शनिबारबाट काँकडभिट्टामा सञ्चालन भएको तालिमको उद्घाटन जिल्ला समन्वय समिति प्रमुख विश्व बरालले गरेका थिए ।
मेचीनगर आर्थिक विकास शाखा प्रमुख दीपेन्द्र कार्की अध्यक्षतामा जेठ २६ गतेदेखि असार १० गतेसम्म पन्ध्र दिन सञ्चालन हुने तालिमको उद्घाटन सत्रमा घरेलु तथा साना उद्योग कार्यालय प्रमुख प्रेमप्रसाद सापकोटा, मेचीनगर कार्यपालिका सदस्य तिलजा देवान, उद्योग वाणिज्य संघ उपाध्यक्ष निर्मला चौहान भण्डारी, उद्यम विकास सहजकर्ता अश्विनीकुमार भट्टराई, प्रशिक्षक शुष्मा राजवंशीको आतिथ्य रहेको थियो । अश्विनी कुमार भट्टराईले स्वागत मन्तव्य राखेको कार्यक्रम सहजकर्ता गङ्गा सोरेनले सञ्चालन गरेकी थिइन् ।



# देवभूमिका विद्यार्थीहरुले देखाए प्रतिभा

बिर्तामोड(प्रस) । झापाको अर्जुनधारा ५ मा रहेको देवभूमि बिद्यापीठ इङ्लिस बोर्डिङ स्कलले ' गट ट्यालेन्ट २०८१' कार्यक्रम सम्पन्न गरेको छ । विद्यालयले शनिवार बिर्तामोडमा गट ट्यालेन्ट कार्यक्रम सम्पन्न गरेको हो । अध्ययनसँगै विद्यार्थीलाई अतिरिक्त क्रियाकलापमा सहभागी गराउँदै आएको देवभूमिले अभिभावकसहित बिर्तामोडमा ' गट ट्यालेन्ट' कार्यक्रम आयोजना गरेको थियो । बालबालिकामा रहेको अन्तरनिहित क्षमतालाई प्रस्फुटन गराउने उद्धेश्यले विद्यालयले बिभिन्न अतिरिक्त क्रियाकलाप गराउँदै आएको छ ।

गट ट्यालेन्ट कार्यक्रमअन्तरगत विद्यार्थीहरुले नृत्य, गायन, अभिनय, अग्रेजीमा स्पीच, कराँते , कविता, उसुको कला , चित्रकला, नेपाली वक्तृत्व, सो डान्सलगायतका बिधामा आ-आफ्नो प्रस्तुती दिएका थिए । गट ट्यालेन्ट कार्यक्रमको प्रथम स्वप्निल चौहान, दोस्रो आलोक तिम्सिना र तेस्रो रिवान खतिवडा भएका छन् । गट ट्यालेन्टमा पहिलो, दोस्रो र तेस्रो हुने बिद्यार्थीलाई सम्मानसहित ट्रफी प्रदान गरिएको थियो ।

विद्यालयले अध्ययनसँगै विद्यार्थीको क्षमता तथा नेतृत्व विकास गराउने उद्धेश्यले बिभिन्न बिधामा अतिरिक्त क्रियाकलाप गराउँदै आएको विद्यालयका संस्थापक अध्यक्ष सुमन शर्मा जमरकट्टेलले जानकारी दिए ।

स्कुलका संस्थापक अध्यक्ष सुमन शर्मा जमरकट्टेलको अध्यक्षतामा भएको कार्यक्रममा गोमेन्द्र बहुमुखी महाविद्यालयका प्रमुख डा. रुपक खनालको प्रमुख आतिथ्य रहेको थियो ।स्कुलका प्रिन्सिपल सन्तोष पौडेलले स्वागत गरेको कार्यक्रमको सञ्चालन शिक्षक समिर नेपालले गरेका थिए भने गट ट्यालेन्ट कार्यक्रमको सञ्चालन बिद्यार्थीले नै गरेका थिए ।

कार्यक्रममा प्याब्सन अर्जुनधारा नगर अध्यक्ष रुद्रप्रसाद सिटौला, अर्जुनधारा जेसीज अध्यक्ष बसन्त बुढाथोकी, प्याब्सन बिर्तामोड नगर अध्यक्ष उत्तम खनाल, नेल्टा झापाका प्रमुख सल्लाहकार धमेन्द्र भट्टराई (मामा) लगायतको आतिथ्य रहेको थियो ।

गट ट्यान्ट कार्यक्रमअघि शिक्षक तथा अभिभावक साथै कक्षा ५ देखि १० सम्मका बिद्यार्थीलाई पनि सकारात्मक ऊर्जासम्बन्धी प्रशिक्षण प्रदान गरिएको थियो । मोटिभेसनल स्पीकर डा. ताराप्रसाद गिरी (ताराजी) ले अभिभावक, शिक्षक र बिद्यार्थीलाई उत्प्रेरणासम्बन्धी प्रशिक्षण दिएका थिए ।

कक्षा नर्सरीदेखि १० सम्म अध्यापन हुने बिद्यालयमा ५२७ जना बिद्यार्थी अध्ययनरत रहेका छन् भने ४५ जना शिक्षक तथा कर्मचारी रहेको अध्यक्ष जमरकट्टेलले जानकारी दिए ।

# बढ्दै छन् थाइराइड क्यान्सरका बिरामी

झापा(प्रस) । पछिल्लो समय थाइराइड क्यान्सरका बिरामी बढिरहेका छन् । वीर अस्पतालका नाक, कान, घाँटी रोग विशेषज्ञ डा. दीपेन्द्र श्रेष्ठले पछिल्लो समय थाइराइड क्यान्सरका बिरामी बढ्दै गएको बताए ।

थाइराइड क्यान्सरका बिरामीको यकिन तथ्याङ्क नभए पनि पछिल्ला केही वर्षयता अस्पतालमा थाइराइड क्यान्सरका बिरामी बढ्दै गएको बताए । उनले भने, 'पछिल्लो समय थाइराइड क्यान्सरका बिरामी बढ्दै गएको छ । तर, अस्पतालमा यकिन तथ्याङ्क छैन ।अस्पतालमा बिरामी विभिन्न स्टेजको थाइराइड क्यान्सरको समस्या लिएर आउने गरेका छन् ।'

डा. श्रेष्ठका अनुसार थाइराइड शरीरको लागि अत्यावश्यक ग्रन्थी हो । यसले शरीरमा आवश्यक पर्ने हर्मोन निकाली मेटाबोलिज्मलाई नियन्त्रण गर्ने काम गर्छ । यदि त्यही ग्रन्थीमा गिर्खा आएमा क्यान्सर हुने सम्भावना बढी हुन्छ ।

थाइराइड ग्रन्थीको बिचमा गिर्खा आएमा थाइराइडको क्यान्सर हुने भएकाले हेलचेक्राइँ नगर्न उनको सुझाव छ । उनले भने, 'थाइराइडमा दुई वटा डल्लाको बिचमा गिर्खा आउने गर्छ । एक वा दुईवटा गिर्खा हुन्छन् । सबै गिर्खा क्यान्सर हुँदैन । कहिलेकाँही त्यही गिर्खा बढ्दै गएपछि क्यान्सर हुने गर्छ । कहिलेकाँही सुरुवाती चरणमा क्यान्सरका गिर्खा आउने हुँदा हेलचेक्राइँ गर्नुहुँदैन ।'

जेनेटिक, जीनमा म्युटेसन भएर, रेडियसन एक्स्पोजरले, आयोडिनको कमीले थाइराइड क्यान्सर हुने अनुमान गरिएको उनको भनाइ छ । ५० वर्ष माथिका मानिस, पुरुषको थाइराइडमा गिर्खा आएको छ भने धेरै रेडियसनमा एक्स्पोज भएका, हाइपो थाइरोइज्म भएका मानिस, परिवारमा कसैलाई यस्तो क्यान्सर छ भने त्यस्ता मानिसमा थाइराइड क्यान्सर हुने जोखिम बढी हुने डा. श्रेष्ठले बताए ।

उनका अनुसार धेरैजसो थाइराइड क्यान्सर सुरुवाती चरणमा कुनै पनि लक्षण देखिँदैन ।

# कनकाई बिहानी क्लबको अध्यक्षमा उप्रेती

झापा(प्रस) । झापाको कनकाई नगरपालिका-१ र ७ मा रहेको कनकाई बिहानी क्लबको अध्यक्षमा लोकनाथ उप्रेती र सचिवमा निर्मला बस्नेत चयन भएका छन् । शनिबार क्लबको सभाहलमा भएको वार्षिक साधारणसभा तथा चौथो अधिवेशनबाट अध्यक्षमा उप्रेती र सचिवमा बस्नेत सर्वसम्मत चयन भएका हुन् । त्यस्तै कार्यसमितिको उपाध्यक्षमा रमेशकुमार बाह्रकोटी , सहसचिवमा बालिका चौहान( थापा),कोषाध्यक्षमा मुना मैनाली (सिटौला ) चयन भएका छन् ।त्यस्तै सदस्यहरुमा देवीप्रसाद न्यौपाने , गिता कार्की ( बस्नेत ), दिपक कोईराला , मुना खवास, टेकेन्द्र माझी र डिल्लु भुजेल सर्वसम्मत चयन भएको निर्वाचन समितिले जनाएको छ।

क्लबका अध्यक्ष मनोज बस्नेतको सभापतित्वमा भएको कार्यक्रमको प्रमुख अतिथि कनकाई नगरप्रमुख राजेन्द्रकुमार पोखरेल रहेका थिए । सह-सचिव मुना मैनाली (सिटौला) ले स्वागत गरेको कार्यक्रममा अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएको थियो ।

कार्यक्रममा चार दर्जनभन्दा धेरै दाताहरुलाई कदरपत्रद्वारा सम्मान गरिएको थियो ।कार्यक्रममा प्रमुख अतिथि पोखरेलले हालसम्म क्लबले गरेको कार्यको प्रशंसा गरेका थिए । उनले सामुदायिक



भवनमा हाल टिनको छानो भएकाले गर्मीका कारण सभाहलमा कार्यक्रम गर्न समस्या रहेछ भन्दै नगरपालिकाबाट तत्काल सिलिङ र झ्यालको व्यवस्थापनमा सहयोग गर्ने प्रतिवद्धता जनाए । कार्यक्रममा प्रजापति सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष मातृका पोखरेल , प्रवासी सम्पर्क मंचका अध्यक्ष नेत्र प्रसाईं , सहजीकरण महिला समूहकी उपाध्यक्ष कामना पौडेल, सल्लाहकार समिति संयोजक अनिरुद्र ओली , भवन निर्माण समितिका सचिव लोकनाथ उप्रेती , सिद्धेश्वर शिव पाञ्चायन कीर्तन मन्डलीका सचिव चुडामणि ढकाल , पंडित बलराम पौडेललगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा वडा नं १ का सदस्य दलबहादुर थापा, जामुनवारी सामुदायिक वन उपभोक्ता समूहका कोषाध्यक्ष रचना सापकोटा , विभिन्न दाता परिवारलगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा मन्दिर तथा भवन निर्माणका दातासमेत रहेका गुरुप्रसाद तिम्सिनाले नगद १२ हजार १ सय ५१ रुपैयाँबाट मन्दिर संचालनका लागि अक्षय कोषको सुरुवात गरेसंगै लोकनाथ उप्रेतीको परिवारबाट १ लाख , चुडामणि ढकाल तथा निर्मला बस्नेतको परिवारबाट २५ हजार , डिल्लीराम तथा मनोज बस्नेतबाट २५ हजार दिने घोषणा भएको छ ।

सामुदायिक भवनको समेत उद्घाटन गरिएको सो कार्यक्रमको संचालन क्लबका सचिव रमेशकुमार बाह्रकोटीले गरेका थिए ।

# विघटनको बाटोमा समाजवादी मोर्चा

झापा(प्रस) । सुशासन, समृद्धि र सामाजिक-आर्थिक न्यायसहितको नेपाली विशेषताको समाजवाद ल्याउन भन्दै बनेको समाजवादी मोर्चा अहिले संकटमा छ।

गत ४ असारमा घोषणा भएको मोर्चामा सत्तारूढ दलहरू माओवादी केन्द्र, एकीकृत समाजवादी, जसपा नेपाल र सत्ता बाहिरको नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपा आबद्ध छन्।

मोर्चा बनेलगत्तै सचिवालय गठन, प्रदेशहरूमा सन्देश सभासँगै संगठन विस्तारमा प्रधानमन्त्री तथा माओवादी अध्यक्ष पुष्पकमल दाहाल ' प्रचण्ड', एकीकृत समाजवादी अध्यक्ष माधव नेपाल, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र विप्लव सक्रियताका साथ लागिपरेका थिए।

तर, घोषणा भएको वर्षदिन नपुग्दै मोर्चा आफ्नो उद्देश्य तथा नीतिगत प्रतिबद्धता उन्मुख हुनुको साटो विघटनको डिलमा पुगेको छ। सुरुदेखि नै निरन्तर क्रियाशील भएर अघि बढ्न नसकेको मोर्चा विवादरहित पनि हुन सकेको थिएन।

मोर्चामै रहेका दलका केही नेताले मोर्चालाई सत्ताको वैशाखीसमेत भन्ने गरेका छन्।

घोषणापछि हौसिएको मोर्चा बीचमा केही समय निष्क्रिय रह्यो। नेतृत्व आलोपालो गर्ने सहमतिअनुसार गत ६ फागुनयता नेकपा महासचिव विप्लव मोर्चाको संयोजक छन्।

सुरुमा एकीकृत समाजवादी अध्यक्ष नेपालले नेतृत्व गरेको मोर्चा विप्लवले सम्हालेपछि केही सक्रिय रूपमा अघि बढेको थियो।

तर, क्रियाशील बनाउने संयोजक विप्लवको प्रयासबीच मोर्चा यतिबेला बेवारिसे बन्न पुगेको छ।

अहिले मोर्चामै आबद्ध दलले मोर्चाको औचित्य र आवश्यकता देख्न छाडेका छन्। पार्टी विभाजनसँगै सत्ताबाहिर पुगेको उपेन्द्र यादव नेतृत्वको जसपा नेपालले अहिले मोर्चाको औचित्य समाप्त भइसकेको बताएको छ। अध्यक्ष यादव स्वयंले मोर्चा 'प्रधानमन्त्री प्रचण्डले पोलिखाएको' टिप्पणी गरेका छन्।

जसपा नेपालका प्रवक्ता मनीष सुमनले आफूहरूका लागि अब मार्चाको कुनै औचित्य नरहेको बताए। प्रधानमन्त्री प्रचण्डप्रति इंगित गर्दै उनले भने, 'मोर्चामै रहेका दलले हाम्रो पार्टी फुटाइदिए। अब हाम्रो तर्फबाट समाजवादी मोर्चा औचित्य समाप्त भइसक्यो।'

जसपा नेपालले आफ्नो दल विभाजनमा सत्तारूढ दलहरूको संलग्नता रहेको आरोप लगाउँदै आएको छ। त्यसमा पनि मुख्य भूमिका प्रधानमन्त्री प्रचण्डको रहेको जसपा नेपालको आरोप छ। आफ्नै दलको आन्तरिक एकता बिथोलिएपछि जसपा नेपालले अन्य दलसँग कार्यगत एकताका लागि मोर्चामा सहभागी हुनुको औचित्य देख्न छाडेको हो।

संयोजक विप्लव भने मोर्चा क्रियाशील बनाउन निरन्तर लागिपरेकै देखिन्छन्। २२ जेठमा उनले एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालसँग भेट गरी मोर्चाको आगामी कार्यदिशाबारे छलफल गरेका थिए।

यस्तै, उनले जसपा अध्यक्ष यादवसँग पनि संवाद गरेका छन्। शीर्ष नेताहरूबीच निरन्तर प्रत्यक्ष वा टेलिफोनमार्फत संवाद भइरहेको र मोर्चाप्रति सबै सकारात्मक नै रहेको विप्लवको दाबी छ।

'यसबारे निरन्तर शीर्ष तहमा छलफल भइरहेको छ। उपेन्द्रजीको कुरा पनि सकारात्क नै छ', उनले भने, 'उहाँको पार्टी फुटेको हुनाले आक्रोशित हुनुभएको होला। तर, मोर्चाप्रति उहाँको त्यस्तो नकारात्मक धारणा छैन।'

यथार्थमा मोर्चाको औचित्य नसकिएको संयोजक विप्लवको दाबी छ। उनले संघीयता, संविधान, राज्यप्रणाली र यसको आर्थिक ढाँचा अपूर्ण रहेकाले यसलाई पूर्णता दिन मोर्चा बनेको र त्यसैका लागि अघि बढिरहेको संयोजक विप्लव बताउँछन्।

'लोकतान्त्रिक संघीय गणतन्त्र अपूर्ण छ। संविधान, राज्यप्रणाली, यसको आर्थिक ढाँचासहित सबै कोणबाट अपूर्ण भएकोले यसलाई पूर्णता दिनुपर्छ र त्यो पूर्णता नेपाली विशेषताको समाजवादले दिने भएकोले हामी लागेको हो', उनले भने।

माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटा पनि मोर्चाको औचित्य नसकिएको भन्दै कसरी अघि बढ्ने भन्नेमा थप छलफल हुने बताउँछन्। 'मोर्चाको औचित्य सकिएको छैन', संक्षिप्त प्रतिक्रिया दिँदै उनले भने, 'अब कसरी अघि बढ्ने भन्नेमा छलफल हुन्छ र नयाँ ढंगले अघि बढ्छ।'

मोर्चामै रहेको एकीकृत समाजवादीका उपाध्यक्ष प्रमेश हमाल कुनै एउटा घटकको प्रतिक्रियाको आधारमा सिंगो मोर्चालाई मूल्यांकन गर्न नमिल्ने बताउँछन्। मोर्चामा रहेका दलहरू एक भएरै जानुपर्नेमा उनको जोड छ।

'अहिले कुनै एउटा घटकको प्रतिक्रियाको आधारमा मोर्चालाई मूल्यांकन गर्न हुँदैन। मोर्चा संयोजक विप्लवजीले नै उपेन्द्रजीसँग कुरा गर्नुभएको छ, अब पनि गर्नुहुन्छ होला। त्यसपछि अफिसियल धारणाहरू बुझ्छौं। त्यसपछि नै थप कुरा भन्न सकिन्छ', उनले भने, 'तर अहिले जुनजुन पार्टी छन्, उनीहरू कोही पनि यसबाट अलग नहोऊन् भन्ने पक्षमै हामी छौं।'

राष्ट्रिय राजनीतिमा वामपन्थी मोर्चा आवश्यक भएकैले निर्माण गरिएको र यो मोर्चा अझ थप विचार मिल्ने दलहरूलाई समावेश गरेर अगाडि बढ्ने नेता हमाल बताउँछन्।

'राष्ट्रिय राजनीतिमा वामपन्थी मोर्चा आवश्यक छ भन्ने ठानेरै निर्माण गरिएको हो र अहिले पनि हामी यही मान्यतामा रहेका छौं। त्यसैले यसमा विचार मिल्ने, समाजवादी क्रान्तिकारितामा प्रतिबद्ध रहेका पार्टीहरूलाई समेटेरै अगाडि बढ्न चाहन्छौं', उनले भने।

राजनीतिक विश्लेषकहरू भने मोर्चा बन्नुलाई नै औचित्यहीन दकम ठान्छन्। लेखक तथा विश्लेषक डम्बर खतिवडा मोर्चाका नाममा दलहरूले हास्यास्पद र अपरिपक्व अभ्यास गरिरहेको बताउँछन्।

'समाजवादी मोर्चा भनेर जुन अभ्यास भइरहेको छ, यो नै हास्यास्पद छ', उनी भन्छन्, ' अपरिपक्व, भविष्य नभएको, राजनीतिमा कुनै स्थान नभएको, कानुनी हैसियत नभएको फोगटिया काममा उहाँहरूले समय खर्च गरिहनु भएको छ।' त्यसमाथि सत्तामा रहेका र सत्ताबाहिरका दलबीच मोर्चा बन्नु अझ हास्यास्पद रहेको खतिवडा बताउँछन्।

# त्रिभुवन विमानस्थलबाट सुनसहित चारजना पक्राउ

झापा(प्रस) । नेपाल प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भन्सार छलेर ल्याइएको सुनसहित चार जनालाई पक्राउ गरी आइतबार सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा मोरङ केराबारी गाउँपालिका-९ का ३१ वर्षीय सरोज कोइराला, रौतहट कटहरिया नगरपालिका-६ का २४ वर्षीय मोहम्मद इन्तेयाज आलम, सप्तरी सुरुंगा नगरपालिका-५ का २१ वर्षीय मोहम्मद अरमान र सप्तरी खडक गरपालिका-६



का ३७ वर्षीय ज्याउदिन मियाँ छन् ।प्रहरीले कोइराला र आलमबाट २५ ग्राम सुनको सिक्री एक थान र ६९ दशमलव ९९ ग्राम सुनको काँचो डल्लोसहित बरामद गरिएको जनाएको छ । यस्तै, ५० ग्राम सुनको सिक्रीसहित अरमान र मियाँलाई पक्राउ गरिएको प्रहरी प्रधान कार्यालय, केन्द्रीय समाचार कक्षले जनाएको छ ।

उनीहरु विमानस्थलको अन्तर्राष्ट्रिय आगमन पार्किङ क्षेत्रबाट पक्राउ परेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।


## बालबालिकाप्रति अभिभावकको भूमिका

- बालबालिकालाई निडर, सिपालु, सक्षम,योग्य र आत्मनिर्भर हुन प्रोत्साहन गरौं,
- बालबालिकाका लागि सुरक्षित एवं तनावरहित वातावरण श्रृजना गरौं,
- उनीहरुलाई गाली गर्ने, डर देखाउने, अरुसँग तुलना गर्ने र कमजोर बनाउने कार्य नगरौं,
- बालबालिकाको आत्मविश्वास र सृजनशील क्षमता बढाऔं,
- उनीहरुलाई खोज्ने र सिक्ने अवसर प्रदान गरौं,
- बालबालिकालाई अभिभावकसँग सुरक्षित रहेको अनुभुति गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


### धनकुटामा...

आयोजक किराँत राई यायोख्खा धनकुटाले जनाएको छ । धनकुटाको तल्लो टुँडिखेलमा सुरु भएको उत्सवमा जातीय खानाका परिकार, विभिन्न किराँत सांस्कृतिक झलक प्रस्तुति दिने स्टल तथा खानाका परिकारसहित १० स्टल रहेका छन् ।

आदिवासी जनजातिको संस्कार संस्कृति र भेषभुषाको प्रदर्शन, आर्थिक समृद्धिका लागि स्वच्छ पर्यावरण र पर्यटन भन्ने मूल नाराका साथ सुरु भएको उत्सवमा किराँत खानाका परिकार, सांस्कृतिक भेषभुषा प्रदर्शनी हुने आयोजकले जनाएको छ ।

आयोजक समितिका संयोजक पृथुराम राईले सामाजिक एकता प्रदर्शन गर्दै जातीय पहिचानसहित किराँत संस्कृतिको संरक्षण गर्न उत्सव फलदायी बन्ने बताए । धनकुटा नगरपालिका -६ राई कुवा टोलमा रहेको जग्गामा भवन बनाउन सहयोग अभियान सुरु गरिएको उनको भनाइ छ ।

उत्सवको उद्घाटन खानेपानीमन्त्री राजेन्द्र राईले गरे । उत्सव उद्घाटनको अवसरमा विभिन्न जातिको सांस्कृतिक नाच प्रस्तुत गरिएको थियो ।

### कोशी...

यसअघि कोशीकै विवादमा अदालतमा बहस गरेकोले मुद्दा नहेर्ने निर्णय सुनाएका थिए । इजलासमा मुख्यमन्त्री हिक्मतकुमार कार्की पक्षका अधिवक्ता टीकाराम भट्टराईले पोखरेलले मुद्दा हेर्न मिल्ने कि नमिल्ने भनेर प्रश्न उठाएपछि पोखरेलले अन्य न्यायाधीशहरुसँगको छलफलपछि मुद्दाबाट अलग हुने निर्णय लिएका हुन् । यसअघि गत बुधबार न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र बालकृष्ण ढकालको संयुक्त इजलासले गएको रिटलाई पूर्ण इजलासमा पठाउने आदेश गरेको थियो । अब अर्को पेशी तोकेर मुद्दाको लागि अर्को इजलास गठन हुनेछ । एउटा मुख्यमन्त्रीलाई पदमुक्त नगरी संविधान विपरित अर्को मुख्यमन्त्री नियुक्त गरेको भन्दै निवर्तमान मुख्यमन्त्री केदार कार्कीले गत वैशाख २७ गते दायर गरेको रिटमा अन्तरिम आदेश माग गरिएको भएपनि अदालतले अन्तरिम आदेश भने दिएको छैन । संविधानको धारा १६८ को उपधारा ५ अनुसार मुख्यमन्त्री नियुक्त भएका कार्कीले समर्थन गर्ने सांसदहरुले समर्थन फिर्ता लिएको ३० दिनभित्र विश्वासको मत नलिएको भन्दै वैशाख २७ गते हिक्मतकुमार कार्कीको नेतृत्वमा नयाँ सरकार गठन भएको थियो । प्रदेशसभाका ५२ सांसदको समर्थनमा मुख्यमन्त्री भएका नेकपा एमालेका प्रदेशसभा सदस्य हिक्मतकुमार कार्कीले प्रदेशसभाबाट विश्वासको मतसमेत लिइसकेका छन् । निवर्तमान मुख्यमन्त्री केदार कार्कीले भने एक पटक विश्वासको मत लिएपछि २ वर्षसम्म आफूले विश्वासको मत लिन नपर्ने भन्दै नयाँ सरकार गठनको प्रक्रिया खारेज गरेर आफूलाई नै मुख्यमन्त्रीमा निरन्तरता दिन माग गरेका छन् ।

### 'ब्याकबेन्चर'हरुले..

हुन्छन्, पढेका हुँदैनन्, व्यभिचारी हुन्छन् भन्ने भाष्य चिर्न पनि नेताहरु सक्षम बन्न जरुरी रहेको औंल्याए ।

नेताहरु आर्थिक लाभ र लोभबाट सधै सचेत रहनु पर्ने भन्दै उनले आर्थिक लोभले नेताहरुको छवि बिग्रिँदै जाने र अन्तिममा जनताबाट अविश्वास उठ्ने बताए ।

मुख्यमन्त्री कार्कीले संघीय संरचनामा सबैभन्दा उत्कृष्ट नतिजा प्रदेश सरकारले दिइरहेको दाबी गर्दै संघीयता अघि २० वर्षमा नभएको विकास बितेको ६ वर्षमा भएको दाबी गरे । कार्कीले थपे, 'त्यही कारण संघीयतालाई घाँडो मान्न हुन्न, अवसर ठान्नुपर्छ ।'

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सरकारको निन्दनीय हर्कत

सहकारी ठगीका पीडितहरूले बुधवार पोखरामा प्रधानमन्त्री पुष्पकमल दाहाललाई कालोझन्डा देखाउन खोज्दा प्रहरीले बल प्रयोग गरेर दमन गऱ्यो । केही दिनदेखि सहकारी ठगीका पीडितहरूले न्याय माग्दै पोखरामा विरोध प्रदर्शन गरिरहेका छन् ।

नेकपा (माओवादी केन्द्र)को कार्यक्रममा आएका दाहालले आफूलाई कालोझन्डा देखाउनुलाई प्रदर्शनकारीको 'ब्लन्डर' भनेका छन् । अहिलेको सरकार सहकारीपीडितका पक्षमा भएको नबुझीकन विरोध गरिएको उनको गुनासो थियो ।

दुर्भाग्य, प्रदर्शनकारीले 'ब्लन्डर' गरेको देख्ने प्रधानमन्त्री दाहालले शान्तिपूर्ण विरोध प्रदर्शनको दमन गर्न प्रहरीले गरेको ज्यादती भने देखेनन् । प्रदर्शनकारीको मुर्ख्याइँप्रति कटाक्ष गर्ने प्रधानमन्त्री दाहालले नागरिकमाथि बल प्रयोग गर्ने प्रहरीको ज्यादतीमा माफी भने मागेनन् । प्रधानमन्त्री दाहाललाई सहकारी ठगीका पीडितहरूले कालोझन्डा देखाउनु 'ब्लन्डर' हो वा होइन भन्ने विषयमा विवाद हुनसक्छ । तर, शान्तिपूर्ण विरोध प्रदर्शनलाई प्रहरी लगाएर दमन गर्नु भने निर्विवाद हैकमवादी अभ्यास हो ।

सरकार सहकारी ठगीका पीडितहरूको पक्षमा भएको प्रधानमन्त्रीको दाबीमा विश्वास गर्न सकिएला । तर, प्रदर्शनकारीहरू गृहमन्त्री रवि लामिछानेको नाम मुछिएको 'सूर्यदर्शन बचत तथा ऋण सहकारी'का बचतकर्ता हुन् भन्ने पनि बिर्सन मिल्दैन ।

सहकारी ठगीका विषयमा छानबिन गर्न बनेको संसदीय समितिलाई दिइएको कार्यादेशमा सूर्यदर्शन बचत तथा ऋण सहकारीको नाम पनि उल्लेख गरिएको छ । यसैले लामिछाने सरकारमा भएका कारण प्रधानमन्त्रीप्रति पनि आक्रोश व्यक्त भएको हुनसक्छ ।

समुद्र र ब्रह्माको वार्तालापको एउटा पौराणिक कथाबाट पोखरामा प्रधानमन्त्री दाहालविरुद्ध कालोझन्डा प्रदर्शनको कारण बुझ्न सहज हुन्छ । सीता खोज्न लक्ता जाने क्रममा रामले पुल बाँध्न थालेपछि गुनासो गर्न गएका समुद्रलाई ब्रह्माले रावणको छिमेकी भएकाले बाँधिनु परेको भन्ने उत्तर दिएका थिए ।

जेहोस्, सहकारी ठगीको संसदीय समितिले छानबिन गर्न थालेको छ । पीडितहरूले न्याय पाउने र दोषीले सजाय भोग्ने आशा गर्नु अनुचित नहोला । तर, न्याय नपाउँदासम्म पीडितहरूलाई हारगुहार गर्दा वा राज्यको ध्यानाकर्षण गर्न खोज्दा दमन गर्नु भने निन्दनीय हर्कत नै हो ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# किन ओझेलमा पऱ्यो दलित इतिहास ?



• राजकुमार दिक्पाल

हाम्रो देशमा इतिहासका विविध विषय छन् । कैयौं विषय यस्ता छन्, जो लेख्न बाँकी नै छ । देख्दा साधारण जस्ता लाग्ने तर कतिपय गम्भीर विषयहरुमाथि नेपालका इतिहासकारहरुको कलम चलेको पाइँदैन । यस्ता गम्भीर विषयमध्ये एक हो, दलित उत्पीडितहरुको इतिहास ।

दलित उत्पीडितहरुको इतिहास लेखनका लागि स्वयम् यस समुदायका इतिहासकारको उपस्थिति नदेखिदा र गैरदलित समुदायका इतिहासकारले उनीहरुको इतिहासको खोजी र लेखनप्रति उत्साह नदेखाउँदा नेपालका दलितहरुको इतिहास ओझेलमा पर्न पुगेको छ । युगौंदेखि छुवाछूतको मारमा परेको यो समुदायको सवालको प्राज्ञिक उत्थानका लागि पनि उनीहरुको छुट्टै इतिहास लेखनको आवश्यकता देखिन्छ ।

छुवाछूतको प्रचलन कहिलेदेखि चल्यो, कुन कारणले यी श्रमिक र सिल्पी समुदायलाई छुवाछूतको सिकार बनाइयो भन्ने बहस त भइरहेकै छ । उनीहरुको उत्थान र मुक्तिका लागि सरकारी तथा गैरसरकारी तहबाट केही प्रयासहरु भइरहेकै छन् । तर इतिहास लेखनमार्फत पनि दलित तथा उत्पीडित वर्गलाई जुन प्रकारले प्राज्ञिक जगतबाट सम्बोधन हुनुपर्ने हो, यस्तो प्रयास भने हुन सकेको छैन । त्यसैले दलित उत्पीडित समुदायको छुट्टै इतिहास लेखन आजको एक प्राज्ञिक आवश्यकता हुन पुगेको छ ।

दलित उत्पीडितहरुको इतिहास लेख्ने क्रममा सोही समुदायका बौद्धिक व्यक्तित्वहरु पद्मलाल विश्वकर्मा, यामबहादुर किसान, रविमान लम्जेल र गणेश विकेको संयुक्त लेखनमा "नेपाली दलित आन्दोलनको संक्षिप्त इतिहास" (२०६३) प्रकाशित भएको पाइन्छ । यस पुस्तकले पृथ्वीनारायण शाहको समयमा सक्रिय बिसे नगर्ची, यखाजङ्ग विश्वकर्मालगायतका अगुवाहरुको सक्रियतालाई छिटपुटरुपमा समेटेर हालसम्म भएका दलित आन्दोलनको चर्चा गरेको छ ।

इतिहासको स्रोतका रुपमा शिलालेखहरुको उपलब्धताको हिसाबले इतिहासकारहरुले लिच्छवीकाललाई स्वर्णयुग मान्दै आएका छन् । इतिहासकारहरुले काल निर्धारण गरेअनुसार नेपाल संवत् सुरु हुनुभन्दा अघिको काललाई प्राचीनकाल, त्यसपछि मध्यकाल र पृथ्वीनारायण शाहको समययतादेखिको काललाई आधुनिककाल मान्दै आएका छन् । यसअनुसार प्राचीनकाल र मध्यकालको इतिहास लेख्ने इतिहासकारहरुले दलितहरुको अवस्थाबारे ऐतिहासिक विवेचना गरेको त्यति पाइँदैन । नेपाली इतिहासको खोजीले त्यसतर्फ पनि चासो राख्ने ठाउँ प्रशस्तै छ । पृथ्वीनारायण शाहकालीन बिसे नगर्चीबारे पनि गम्भीरतापूर्वक इतिहास खोजी हुनै बाँकी छ ।

**बिसे नगर्चीः ऐतिहासिक व्यक्तित्व**

पृथ्वीनारायण बिसे नगर्चीलाई नाटक, कविता आदिको माध्यमबाट चर्चाको चुलीमा पुर्याइँदै आएको छ । त्यसैले उनी कतै साहित्यिक विधाको पात्र मात्रै त होइन भन्ने भ्रम पनि पर्न जान्छ । तर बिसे नगर्ची पृथ्वीनारायण शाहको समयमा भएका विभिन्न युद्धहरुको मोर्चामा सक्रिय एक योद्धा पनि थिए भन्ने ऐतिहासिक तथ्य विभिन्न स्रोतमा पाइन्छ । उनी १८०१ सालमा नुवाकोटको युद्धमा तीन घारेतिरबाट बढेको युद्धमोर्चामा पृथ्वीनारायण शाहका साथ सामेल थिए । गोरखालीहरुले असोज १५ गते नुवाकोट जित्दा विजयोत्सवमा बिसे नगर्चीले नगरा घन्काउँदा उनलाई बानादार दमाई र मणिराम गाइनेले साथ दिएका थिए ।

वि.सं.१८१२ मा साउनमा लमजुङसँग सिरानचोकमा गोरखालीको युद्ध हुँदा त्यहाँ पनि बिसे नगर्ची सक्रिय थिए । युद्धमा गोरखालीको जीत हुँदा हारेका लमजुङे सैन्य अधिकारीहरुको अपमान गर्न बिसे नगर्चीको धोती टाँगेर उनीहरुलाई धोतीमुनि छिर्न लगाई बेइज्जत गरिएको ऐतिहासिक प्रसङ्ग भाषा वंशावलीमा पढ्न पाइन्छ । अहिले पनि बिसे नगर्चीका सन्तति गोरखामा रहेका छन् । उनीहरुसँग बिसे नगर्चीको नाम उल्लेख भएको रुक्का सुरक्षित रहेका छन् ।

तीमध्ये १८४६ माघ सुदी १५ मा जारी रुक्कामा "केही जग्गा जमिनको जागिर विस्याको नाउमा गयाको रहेछ, त्यो जग्गा उसैको छोरो दुब्ल्यालाई बक्स्यौं" भन्ने प्रसङ्ग परेको छ । यसअनुसार बिसे नगर्चीको छोराका नाम दुब्ल्या अर्थात् दुब्ले रहेको देखिन्छ । यस्ता ऐतिहासिक स्रोतहरुबाट पनि बिसेलगायतका ऐतिहासिक व्यक्तित्वहरुको छुट्टै इतिहासको खोजी गर्न सकिन्छ ।

**ज□बहादुरको दृष्टिमा दलित**

दलित उत्पीडित समुदायको इतिहासको खोजीका क्रममा तत्कालीन शक्तिशाली प्रधानमन्त्री जङ्गबहादुर राणाको एक अभिव्यक्तिलाई गम्भीरतापूर्वक नियाल्नु जरुरी छ । दलितहरुको सीप, श्रम र सिर्जनाका बारेमा जङ्गबहादुर गम्भीर र संवेदनशील थिए । उनले दलित समुदायको महत्वलाई बुझेका थिए । यसबारेमा उनले आफू बेलायत भ्रमणका बेला यता कार्यवाहक प्रधानमन्त्री रहेका आफ्ना भाई बमबहादुरलाई आफ्नै हस्ताक्षरमा लेखेको पत्रलाई उदाहरणका रुपमा लिन सकिन्छ ।
त्यसबेला उनले आफ्ना भाइलाई लेखेको पत्रमा कामी, सार्की, दमाई, कर्मीहरुको जागिर नखोस्नू भन्ने आदेश दिएका छन् । पत्रमा "कामी, सार्की, दमाई, कर्मी खोसे इलम पनि बिग्रन्छ । कारखाना पनि बिग्रन्छ । कोते, पिपा, जमादार, खलासी एक पनि नखोसेस् । यिनलाई खोस्नु बडो अनविवेक हुन्छ, किनभने यी थोरै खाई धेरै काम गर्छन्" भन्ने परेको छ । यताबाट हेर्दा दलित उत्पीडितले थोरै ज्याला लिएर धेरै र राम्रो काम गर्ने भएकोले उनीहरुको जागिर खोसिदिदा कारखाना चल्न नसक्ने र त्यस्तो काम गर्नु विवेकसम्मत नहुने धारणा जङ्गबहादुरको रहेको देखिन्छ ।

दलित उत्पीडितहरुको श्रम र सीपले सामान्य नागरिकको दैनिक जीवनमा उपयोग हुने सामग्रीको आपूर्ति त हुन्थ्यो नै, अझ जङ्गबहादुरको समयमा स्वचालित उपकरणहरुको विकास भइनसकेको अवस्थामा हातैले काम गरेर सैन्य प्रयोजनका हतियार कारखाना चलाउनुपर्ने अवस्था थियो । हतियारका लागि फलामको काम अनिवार्य हुन्थ्यो । यस्ता कारखानामा छालाको काम पनि अनिवार्य थियो । त्यसैले त्यसबेला मेगेजिन अड्डा नाम दिइएको हतियार कारखानामा आरन फँाट र सार्की फँाट हुन्थ्यो । सैनिकहरुका लागि जङ्गी पोशाक तयार गर्न दमाईहरुको श्रम र सीपको प्रयोग हुन्थ्यो ।

त्यसबेला सरकारबाट कर उठाउनका लागि जारी भएका ऐतिहासिक कागजपत्रमा कम्पु तथा मेगेजिन करबारे उल्लेख छ । कम्पु भनेको सैनिक पल्टन हो भने मेगेजिन अड्डा भनेको हतियार कारखाना हो । यस्तै पुराना कागजपत्रहरुमा सार्कीको पलेटी, कामीको ताल, दमाईको सुजेरो भन्ने पनि उल्लेख गरिएको पाइन्छ । यी सबै दलित तथा उत्पीडित समुदायका श्रमिकहरुले गर्ने कामहरु हुन् । दलित तथा उत्पीडित समुदायको श्रम र सीपलाई राम्ररी नियालेका जङ्गबहादुरले हचुवाको भरमा कामी, सार्की, दमाईको जागिर नखोस्नू, उनीहरुको जागिर खोसिए इलम पनि बिग्रन्छ, कारखाना पनि बिग्रन्छ भनेका होइनन् ।

**सबाल्टर्न दर्शनको उपयोग**

नेपालमा इतिहास लेखनलाई राजा महाराजाको कथा भन्नेहरुको संख्या प्रशस्तै छ । हुन पनि नेपालमा जे जति इतिहास लेखिए, तीमध्ये अधिकांशले राजा महाराजा वरिपरि फेरो मारेको देखिन्छ । विगतमा जे जस्ता घटनाहरु छन्, तिनीहरुको तथ्यपूर्ण प्रस्तुति नै इतिहास हो । इतिहासकारहरुले जनस्तरको इतिहास लेखनलाई प्राथमिकतामा नराखेकै हुन् । त्यसैले बारम्बार प्रश्न उठ्ने गरेको छ, खोइ जनताको इतिहास लेखेको ? नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको पनि डेढ दशक नाघिसकेको छ । अब पनि जनस्तरको इतिहासको खोजीले प्राथमिकता नपाए कहिले पाउने ? तिनै जनस्तरको इतिहासको अध्ययन क्षेत्रभित्र दलित उत्पीडितहरुको इतिहास पनि पर्छ । तर यसतर्फ गम्भीरतापूर्वक चिन्ता र चासो देखा परिरहेको छैन । केवल नारा जुलुश, आमसभा र गोष्ठीहरुले मात्रै दलित उत्पीडितहरुलाई न्याय दिलाउन सक्दैन । उनीहरुका लागि इतिहासको खोजीबाट पनि प्राज्ञिक न्याय प्रदान गर्न सकिन्छ ।


दलित उत्पीडितहरुका लागि इतिहास लेखनमा देखा परेको पछिल्लो दर्शन सबाल्टर्न दर्शन उपयोगी देखिन्छ । सबाल्टर्न शब्दको प्रयोग गर्ने पहिलो ब्यक्ति इटालियन चिन्तक एन्तोनियो ग्राम्सी हुन् । उनले यो शब्द तल्लो तहका मानिसहरुलाई जनाउन लागि प्रयोग गरेका थिए । इतिहास लेखनमा निम्न स्तर, सुविधाविहीन, उपेक्षित, सीमान्तकृत, अल्पसङ्ख्यक, आवाजविहीन तथा कमजोर अवस्थामा रहेका समुदायका विषयलाई पनि यथोचित रुपमा समेट्नुपर्छ भन्ने दर्शन नै सबाल्टर्न दर्शन हो । इतिहास लेखनमा यो दर्शनलाई ब्यवहारमा लागू गर्नेमध्ये भारतीय इतिहासकार रन्जित गुहा मुख्य मानिन्छन् । नेपालका दलित उत्पीडितहरु नेपालका सीमान्तकृत र आवाजबिहीन वर्गमा पर्छन् । तर सबाल्टर्न दर्शनले इतिहास लेखनमा सिमान्तकृत र आवाजविहीनहरुलाई मात्रै समेट्नुपर्छ भन्ने मान्यता राख्दैन । जसरी इतिहास निर्माणमा मुख्य नायकको भूमिका हुन्छ, उसको नेतृत्त्वलाई सफल बनाउन निम्न तहका कार्यकर्ताको पनि उत्तिकै महत्त्वपूर्ण भूमिका हुने हुँदा उनीहरुको भूमिकालाई पनि इतिहास लेखनमा समुचित स्थान दिइनुपर्ने धारणा सबाल्टर्न दर्शनले बोकेको छ ।

नेपालको इतिहास लेखनमा राजा महाराजारुपी नायकहरुलाई मात्रै स्थान दिइँदा उनीहरुलाई सफल बनाउने तल्लो तहका मानिसहरुको इतिहासलाई विस्मृत बनाउनुलाई कुनै पनि हालतमा न्यायोचित मान्न सकिन्न । पृथ्वीनारायण शाहलाई नेपालका इतिहासकारहरुले जुन ढङ्गले इतिहास लेखनमा स्थान दिए तर उनलाई सफल बनाउने बिसे नगर्चीलाई उनीहरुले गौण ठानिदिए । उनको विषयमा छुट्टै इतिहास लेख्न इतिहासकारहरुको कलम खासै उत्साहित भएको देखिएन ।
यसरी पनि दलित उत्पीडितहरुको इतिहास ओझेलमा पर्न गएको छ । अब दलित उत्पीडितहरुको इतिहासको खोजी र लेखनले पनि उचित स्थान पाउन जरुरी छ । यसका लागि स्वयम् दलित उत्पीडित वर्गबाट पनि इतिहासकारहरु तयार हुनु आवश्यक छ । अरुको भरले होइन, अब आत्मनिर्भरताले तथ्यपूर्ण इतिहास लेखिनुपर्छ ।

# सुकुम्बासीका सकस

• भवानी घिमिरे

राष्ट्रिय भूमि आयोग खारेज भएको महिना नाघ्यो। तर, अदालतले सरकारको उक्त निर्णयमा अंकुश लगाएको छ। जसबाट न उक्त आयोगले काम गर्न सकेको छ। न, सरकारले अर्को आयोग बनाउन सकेको छ। यति बेला सरकार पनि मौन छ। या भित्री रूपमा जुट्ने फुट्ने र आफ्नो आयु लम्ब्याउन संजीवनीको खोजीमा भौतारी रहेको हो कि जस्तो पनि देखिन्छ। कसरी अजम्बरी हुन सकिन्छ भनेर। कुर्सीमा पुऱ्याउने मतदाता, खुवाउने र लालनपालनमा रातदिन नभनी आफ्नो कलामा इमानदारितासाथ लाग्ने जोताहा किसानलाई चटक्क बिर्सिए कि झैं लाग्छ । यो शब्द शासनको डोरो सम्हालेकाहरूलाई झकझक्याउन जरुरी ठानेर लेखेकी हुँ। खोज्छ भात भोकाले। प्यासिएकाले पानी भने झैं। धेरै कालदेखि सरकारको आशामा आफ्नो कामलाई नागरिकको कर्तव्य ठानी रमाउने भूमिहीन सुकुम्बासी छन्। भूमि आयोग गठन गर्दा खुसी हुने यो जमात कहिले आयोग गठन हुन्छ भन्दै पुरानो रेडियो काँधमा बोकेर खेतमा काम गरेको देखिन्छ। गरिएको कुराहरूबाट सबैभन्दा धेरै खुसी हुने जमात पनि यही नै हो। विचार नगरिकन नै बाटोमा फलेको आँपको बोटमा बच्चाहरूले झटारो हानेर बरर काँचा र कलिला आँप झारे झैं सरकार फेरबदल हुनेबित्तिकै मन्त्री परिषद्को निर्णय गरी आयोगलाई झटारो हानेर ढालियो। के यी जनता सबैका होइनन्। यिनको समस्या समाधान गर्ने सबैको दायित्व होइन र ? अझ सरकारमा बस्नेले यो समस्या समाधान




गर्नुपर्छ भनेर दृढतका साथ लाग्नुपर्नेमा किन पुरानो खेल खेलेको हो ? नयाँ नेपालमा भत्काउने र बनाउने पुरानै खेल। अझ खुलेर भन्नु पर्दा बिरालोको फन्दामा परेको मुसालाई बिरालोले खेलाए झैं सुकुम्बासीहरूमाथि किन प्रहार हुन्छ। एक पटक गहिरोसँग सोचौं। के यो न्याय संगत छ त ?
सुकुम्बासीहरूले किल्यै भनेनन्, जग्गा धनीको जमिन खोसेर हामीलाई दिनुपर्छ। न उनीहरूले अर्काको मुख्य सहरको मुख्य चोकमा भएको महँगो घडेरी देऊ भनेर सरकारसँग माग गरेका छन्। मात्र उनीहरूको माग भनेको जहाँ बसेको छ। जुन जमिन जोती आएको छ। त्यही जमिनको लालपूर्जा देऊ। अरूको आश्रयमा बसेकाले रातदिनको मानसिक यातानामा बाँच्नु परेकोमा सुरक्षित बास देऊ। संविधानको मौलिक हकमा भएको अधिकार देऊ भनेका छन्।
२००७ को प्रजातन्त्रको स्थापनापश्चात भूमिसम्बन्धी विषयलाई लिएर भूमिको उपयोग व्यवस्थापन र स्वामित्वको सुधार गर्न आयोग कार्यदल र समिति गठन भएको देखिन्छ। काम भने अधुरो र अपुरो छ। भूमिदारी अधिकार प्राप्ति कानुनी मस्यौदा वि.सं. २००८ लागू गरी काठमाडौं उपत्यका मोहीहरूको सूचि तयार गरिएको थियो। भूमिसम्बन्धी ऐन वि.सं. २०१४ ले एक बर्षसम्म जग्गा कमाउनेलाई जग्गा धनी र मोही किसानलाई उत्पादनको आधा आधा दिने निर्णय गऱ्यो। बिर्ता उन्मूलन ऐन वि.सं. २०१६, भूमि ऐन वि.सं.२०२१, मालपोत ऐन वि.सं.२०३४, वि.सं. २०४६ प्रजातन्त्रको पुनर्वहाली भएपश्चात् सुकुम्बासी समस्या समाधान आयोगहरू गठन गरी अव्यवस्थित बसोवासी र सुकुम्बासीहरूलाई जग्गा वितरण गरियो। वि.सं. २०५१, वि.सं. २०६५, वि.सं.२०६६ उच्च स्तरीय भूमि सुधार आयोगहरू गठन भई भूमि सुधारका लागि सुझाव प्रतिवेदन तयार गरिए। वि.सं. २०५७ मा कमैया मुक्तिको घोषणा गरी मुक्त कमैया परिवारको लगत संकलन गरी घर जग्गासहितको पुनःस्थापना गरिएको यसै गरी २०६५ मा हलिया मुक्तिको घोषणा गरी मुक्ति हलिया परिवारको पुनःस्थापनासम्बन्धी कार्यक्रमहरू गरिए।
वि.सं. २०५८ मा भूमिसम्बन्धी ऐन संशोधन गरी जग्गामा नयाँ हदबन्दीको व्यवस्था गरियो। वि.सं. २०६३ मा विस्तृत शान्ति सम्झौताले सामन्ती भू-स्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमि सुधार गर्ने परिकल्पना गर्यो। वि.सं. २०७२ मा भू उपयोग लागू गरी उपयोगको आधारमा भूमिको वर्गीकरण र व्यवस्थापन गर्ने व्यवस्था गरियो। यी जति पनि नियम नीति र ऐन ल्यायो। यसरी नियाल्दा भूमिहीन सुकुम्बासी कमैया, कमलरी, हरूवा, गरीव र साना किसानहरूका काम गर्न खोजेको त देखिन्छ। तर, समस्या भने अहिलेसम्म ज्युँकात्युँ छ छ। समाधान हुन सकेको छैन।
मोहीको समस्या अहिले पनि उस्तै छ। पश्चिममा कमैया कागजमा मात्र मुक्त भएका छन्। समस्यामा कमी आएको छैन। पूर्वनेपालको हरूवा चरुवाको अवस्था उसतै विकराल छ। न बास छ न गाँस छ। उनीहरू राज्यको नजरमा मुक्त भए। तर, व्यवहार उस्तै। अभाव उस्तै। फेरि हलो बोकेर गिरहतको खेत जोतिदिनेबाहेक अरू विकल्प छैन। यसले पूर्ण काम भने गरेको पाइँदैन। अहिले पनि हलिया, मुक्त कमैया, मोही किसान, भू-उपयोग, वैज्ञानिक भूमि सुधारका काम पूर्ण हुन सकेको छैन। यसरी हेर्दा झारा तिर्नका लागि कार्यदल, कार्यसमिति आयोग गठन गरेको हो भन्ने झैं लाग्छ।
अब सरकारले सबै कामहरूलाई थाती राख्दै पहिले भूमि आयोगको कामलाई प्राथमिकता दिई भूमिहीन सुकुम्बासीहरूको समस्या चाँडो छिमोल्नुपर्छ। भूमि आयोग बनाउने कुरामा राजनीतीकरण गर्नुहुन्न। अब बन्ने भूमि आयोग अहिलेसम्मकै शक्तिशाली बनाईनुपर्छ। उसलाई अधिकारसम्पन्न गराइनुपर्छ। ताकि उसैको नेतृत्वमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थितको समस्या समाधान गर्न सकोस्। सबै भूमिहीन सुकुम्बासीहरूले आफ्नो सुरक्षित घरमा आनन्दको सास फेरेको अनुभूति गर्न पाउन्। वास्तविक किसान भूमिको मालिक बन्न सकून्। उसले आफ्नो परिवारलाई मात्र पाल्ने नभएर यो राष्ट्रलाई खाद्यान्न पुऱ्याएर बाहिरी देशमा समेत पठाउन सक्ने होस्।

आयोग गठन गर्दा आफ्ना कार्यकर्ता हैन। क्षमता भएका भूमिसम्बन्धी जानकार व्यक्ति राखियोस्। ताकि नियुक्ति भएको भोलिपल्टको दिनदेखि उसले काम अगाडी बढाउन सकोस्। आयोग गठन गर्नु पूर्व सबै व्यवस्थापन गरियोस्। जसले निश्चित समयमा काम गर्न सकोस्। सरकारले यसको लागि गृहकार्य गरेको होला। तर, आयोगमा को राख्ने भन्ने गृहकार्य मात्र गरेर पुग्दैन। यसका लागि पहिले गरेको आयोगको काम कार्वाहीका कमजोरी नदोहोरिने गरी पूर्ण तयारी गरेर आयोग बनेको भोलिपल्टदेखि काम थाल्ने खालको आयोग बन्नुपर्छ। अव भूमिहीन सुकुम्बासी समाधानको नाममा अरु राजनीतिक आयोग बनाउनु नपरोस्।

# तीनघरेमा आदिवासी सांस्कृतिक महोत्सव

इलाम(प्रस) । इलामको तीनघरेमा आदिवासी जनजाति सांस्कृतिक तथा खाना महोत्सव सुरु भएको छ ।
विभिन्न जातजातिको सांस्कृतिक झाँकी प्रदर्शनीसँगै सूर्योदय नगरपालिका-११ को तीनघरेमा दुई दिने आदिवासी जनजाति सांस्कृतिक तथा खाना महोत्सव आइतवारदेखि सुरु भएको हो ।
कोशी प्रदेश सरकारको सशर्त अनुदानतर्फ सूर्योदय नगरपालिकाले प्राप्त गरेको आठ लाख रुपैयाँको लगानीमा नेपाल आदिवासी जनजाति महासंघ सूर्योदय नगर समन्वय परिषद् र सूर्योदय महिला मञ्च फिक्कलको आयोजनामा सुरु भएको महोत्सवमा रैथाने खानाका परिकार राखिएको छ ।
महोत्सवमा राई, लिम्बू, मगर, नेवार, तामाङ र लोपोन्मुख लाप्चा जातिका रैथाने खानाका परिकारका स्टल राखिएको छ । दुई दिनसम्म सञ्चालन हुने महोत्सवमा विभिन्न जातजातिका सांस्कृतिक झाँकी प्रदर्शन हुने आयोजक नेपाल आदिवासी जनजाति महासंघ सूर्योदय नगर समन्वय परिषद्का अध्यक्ष सोनाम यल्मोले जानकारी दिए ।
अध्यक्ष यल्मोले भने, 'आदिवासी जनजातिको कला, संस्कृति र परम्पराको संरक्षण, संवर्द्धन, प्रवर्धन र पुस्तान्तरण गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको हो ।' महोत्सवको उद्घाटन गर्दै जिल्ला समन्वय समिति इलामका प्रमुख जयप्रकाश राईले विभिन्न जातजातिको रहनसहन, भाषा संस्कृति संरक्षण गर्न महोत्सवले सहयोग पुग्ने बताए ।
सूर्योदय नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मिलन भट्टराईले नगरपालिकाले विभिन्न जातजातिको संस्कार संस्कृतिलाई पर्यटनमा जोड्न नगरले आर्थिक स्रोतको व्यवस्थापन गर्दै आएको जानकारी दिए । उनले यस प्रकारका महोत्सवमा संस्कार, संस्कृतिसँगै स्थानीय खानाका परिकारले पर्यटकलाई आकर्षित गर्ने बताए ।
महोत्सवमा स्थानीय वाचिपा, कोदोक, फापरको रोटी, ढिँडो, गुन्द्रुक, तरुलजस्ता परिकार राखिएको छ । महोत्सवमा विभिन्न जातजातिले लोप हुँदै गएका वस्तुको समेत प्रदर्शन गरेका छन् ।
महोत्सवमा किरात राई यायोख्खा, किरात याक्थुङ चुम्लुङ, सुनुवार सेवा समाज, नेपाल तामाङ घेदुङ, नेपाल योल्मो समाज सेवा संघ, नेपाल शेर्पा समाज, नेपाल मगर संघ, लाप्चा उत्थान मञ्च, नेवाः दय दबूँ, नेपाल थामी समाज, तमु ह्युल छौँज दी, भुजेल सेवा समिति, किरात याम्फू समाज, किरात मेवाहाङ याखोम्मा लगायतको सहभागिता छ ।
आयोजक सूर्योदय महिला मञ्चका सचिव साधना फागोले नयाँ र पुराना पुस्ता मिलेर आदिवासी जनजातिको पुर्ख्यौली कला, संस्कृति र परम्पराको संरक्षण गर्दै पुस्तान्तरण गर्न महोत्सवले सहयोग पुग्ने बताइन् । 'कला, संस्कृति र परम्परा आदिवासी जनजातिको मुख्य पहिचान हो, यसलाई पुस्तान्तरण गर्दै जानुपर्छ' मञ्चका सचिव फागोले भनिन् ।
कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् इलामका अध्यक्ष चक्र एक्तेनले आदिवासी जनजातिका संस्कार संस्कृति संरक्षण गर्न तीनै तहका सरकारले ध्यान दिनुपर्ने बताए । महोत्सवमा १५ हजार बढीले अवलोकन गर्ने आयोजकले जनाएको छ ।

## धनकुटामा किराँत सांस्कृतिक उत्सव




हिले(प्रस) । किराँत संस्कृतिको संरक्षण गर्न उभौली पर्वका अवसरमा धनकुटामा खानपान तथा भेषभुषा प्रदर्शनी तथा सांस्कृतिक उत्सव सुरु भएको छ ।

धनकुटामा सुम्निमा पारुहाङ भवन निर्माणका लागि सहयोगार्थ सञ्चालित उत्सव जेठ ३२ गतेसम्म चल्ने

❖ बाँकी अन्तिम पृष्ठमा

## सचेत धिमाल युवा समूहद्वारा वृक्षरोपण




झापा(प्रस)। सचेत धिमाल युवा समाज समूह नेपालले मोरङको मंगलवारेस्थित धिमाल जाति विकास केन्द्र परियोजनास्थलमा वृक्षरोपण तथा सरसफाइ कार्यक्रम गरेको छ । विश्व वातावरण दिवसको अवसरमा २६ वटा सुपारी र ६ वटा फलफूलको बिरुवा रोपिएको आयोजक सचेत धिमाल युवा समाज समूहका संयोजक हरि नुनिया धिमालले बताए । उनले आगामी असार २२ गते थप ३०० वटा सुपारीका बिरुवा रोप्ने योजना रहेको जानकारी दिए ।
बृक्षरोपण कार्यक्रममा धिमाल जातीय विकास केन्द्रका संस्थापक उपाध्यक्ष गुणबहादुर धिमाल , तुन्जाइ सांस्कृतिक मंचका केन्द्रीय अध्यक्ष नरसिङ्ग धिमाल (फुरु) , धिमाल हेल्पिङ ग्रुपकी अध्यक्ष सुस्मिता धिमाल,समाजसेवी तथा ब्यवसायी प्रकाश धिमाल, राजु धिमाल, गोबिन धिमाल, गोकुल धिमाल ,राजेन्द्र धिमाल, प्रदिप धिमाललगायतको सहभागिता रहेको थियो । कार्यक्रममा संस्थापक उपाध्यक्ष गुणबहादुर धिमालका तर्फबाट सरसफाइको निमित्त आर्थिक सहयोग प्रदान गरिएको थियो ।

# बैंकिङ कसुर मुद्दामा फरार दर्जी पक्राउ



झापा(प्रस)। बैंकिङ कसुर मुद्दामा फरार कन्काई ५ का ४० वर्षीय विष्णुकुमार पाँचकोटी दर्जी पक्राउ परेका छन् । उनलाई जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले आइतवार पक्राउ गरेको हो । फैसला कार्यान्वयनको लागि उनलाई झापा जिल्ला अदालत चन्द्रगढीमा उपस्थित गराइ अदालतको आदेशले कैद भुक्तानको लागि जिल्ला कारागार पठाइएको झापा प्रहरीले जनाएको छ ।

झापा जिल्ला अदालतको गत चैत १४ गतेको फैसला अनुसार बैंकिङ कसुर मुद्दामा उनलाई एक महिना कैद , १६ लाख जरिवाना र पीडित राहत कोषमा ६४ हजार रुपैयाँ तिर्नुपर्ने सजाय सुनाइएको थियो ।

## बाल संजाल सचिव दिपिकाले दिइन् राजीनामा



हल्दिवारी(प्रस) । हल्दिबारी गाउँपालिका स्तरीय बाल संजाल सचिव दिपिका कार्कीले आफ्नो जिम्मेवारीबाट राजीनामा दिएकी छन् ।

उनी बाल संजाल स्थापना भएदेखि नै क्रियाशील रहेकी थिइन् । आफ्नो कार्यकालमा सकेको राम्रो काम गरेको तर नराम्रा कामहरु नगरेको कार्कीले बताइन् ।आफ्नो अध्ययन र कार्यव्यस्तताले गर्दा उक्त जिम्मेवारीबाट राजीनामा दिएको उनले सार्वजनिक गरेको पत्रमा उल्लेख छ ।

उनलाई गाउँपालिका स्तरीय बाल संजालको सचिव र हल्दिबारी वडा नं-३ को बाल क्लबको अध्यक्षको जिम्मेवारी प्रदान गरिएको थियो।

# इजरायलको आक्रमणमा एकैदिन २७४ प्यालेस्टाइनीको मृत्यु



एजेन्सी । बन्धक बनाएका चारजना नागरिकलाई मुक्त गर्ने क्रममा भएको आक्रमणमा इजरायली बालबालिकासहित २७४ जनाको ज्यान गएको छ । गाजामा हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयका अनुसार इजरायलका सेनाहरूले नुसेराट शरणार्थी शिविर र वरपर आक्रमण गरेका थिए ।
नोभा म्युजिक फेस्टिभलबाट अक्टोबर ७ मा अपहरणमा परेका २६ वर्षीय नोआ अर्गामानी, २२ वर्षीय अल्मोग मीर जान, २७ वर्षीय आन्द्रेइ कोज्लोभ र ४१ वर्षीया स्लोमी जिभलाई इजरायल फिर्ता गरिएको छ ।
इजरायली सेनाले पनि उक्त कारबाहीमा १०० भन्दा कम मानिसको मृत्यु भएको अनुमान गरेको छ।
बीबीसीको रिपोर्ट अनुसार गाजाबाट प्राप्त पछिल्लो तथ्याङ्कले यदि पुष्टि भयो भने, यो द्वन्द्वको अहिलेसम्मकै सबैभन्दा घातक दिनहरूमध्ये एक हुनेछ ।हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले दुई घण्टाको अभियानमा मारिएका २७४ प्यालेस्टाइनीमध्ये ८६ जनाको नाम सार्वजनिक गरेको छ।
घना बस्तीमा बसोबास गर्ने मानिसहरूले तीव्र बमबारी र भारी गोलीबारीको आतंकको बारेमा बताएका छन् । अब्देल सलाम दरविस नामका एक व्यक्तिले बीबीसीलाई बताएअनुसार उनी बजारमा तरकारी किन्दै थिए जब उनले माथिबाट लडाकु विमान र बन्दुकको आवाज सुने। त्यसपछि मानिसका शव टुक्रा-टुक्रा भएर सडकमा छरिएका थिए र भित्तामा रगतले लतपतिएका थिए ।

बन्धकहरूलाई उनीहरूको परिवारमा फर्काएपछि इजरायलमा उत्सव छाएको छ र अमेरिकी राष्ट्रपति जो बाइडेनलगायत विश्व नेताहरूले उनीहरूको रिहाइको खबरलाई स्वागत गरेका छन्। तर गाजाभित्रको अपरेसन घातक भएको भन्दै युरोपेली संघका विदेश मामिला प्रमुख जोसेप बोरेलले भर्त्सना गरेका छन् । 'गाजाबाट नागरिकहरूको अर्को नरसंहारका रिपोर्टहरू डरलाग्दा छन्," उनले एक्समा लेखेका छन् ।

# सेनाले गरायो स्थलगत तालिम अभ्यास

कुमरखोद(प्रस) । झापा गाउँपालिका वडा नं २ स्थित त्रिभुवन आधारभूत विद्यालयमा नेपाली सेनाको अरिदमन गण चारआली ब्यारेकले विपद्बाट जोगाउन स्थलगत तालिम अभ्यास गराएको छ । स्थानीयवासीहरुलाई बाढी आउनुभन्दा अगाडि पूर्वतयारी अवस्थामा रहन र सर्पदंशबाट कसरी बच्न सकिन्छ भनेर गणले जानकारी दिएको हो । नेपाली सेनाका अरिदमन गणका प्रमुख सेनानी प्राजु बस्न्यातले यस वर्षको मनसुनमा झापा जिल्ला सबैभन्दा बढी प्रभावित हुने हुँदा संभावित पालिकाहरुको पहिचान गरी विपद् पूर्वतयारी स्वरुप स्थानीयवासीलाई सुसूचित गराउन स्थलगत तालिम अभ्यासका कार्यक्रमहरु गर्दै आएको बताए । गणले विपद्को समयमा अपनाउनु पर्ने सावधानी , सर्पदंशवाट बाँच्न र अरुलाई बचाउन अपनाउनु पर्ने तरिका तथा विपद्को समयमा प्रयोग गरिने विभिन्न सामग्री निर्माण गर्ने सम्वन्धी जानकारीमूलक कार्यक्रम संचालन गरेको थियो ।




नेपालमा ८९ भन्दा बढी प्रजातिका सर्पहरु पाईएता पनि त्यसमा १७ प्रजातिका सर्पहरु विषालु रहेको गणका जमदार गणेशकुमार श्रेष्ठले बताए । उनले झण्डै ८० प्रतिशत सर्पहरु विषालु नहुने जानकारी गराएका थिए ।
कार्यक्रममा झापा गाउँपालिकाका कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलिया , वडाध्यक्षहरु राजकुमार यादव , हिमालकुमार चम्लागाई , ताहिर मुल्वी , कृष्णप्रसाद राजवंशी , कुमरखोद रेडक्रस सभापति सुन्दरलाल गणेश , समाजसेवी जयनारायण शाह , उत्तमकुमार सुवेदीलगायतको सहभागिता रहेको थियो ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा


सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
कॉँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट


वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन** सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

**कर्कट** जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

**सिंह** सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

**कन्या** मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला** कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

**वृश्चिक** आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

**धनु** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**मकर** नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कुम्भ** ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

**मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ